# क्षयरोग को परिभाषा



## 1 क्षयरोग भनेको के हो ?

- क्षयरोग ब्याक्टेरिया को संक्रमण को कारण एक श्वास संक्रामक रोग हो। यसले मुख्यतया फोक्सोलाई असर गर्छ, तर शरीरका अन्य भागहरूमा पनि रोग निम्त्याउन सक्छ।



## 2 क्षयरोग कसरी सर्छ ?

- खोक्दा, हाच्छिउँ गर्दा वा बोल्ने माध्यमबाट संक्रामक फुफ्फुसीय क्षयरोग भएका बिरामीबाट निस्कने क्षयरोगको ब्याक्टेरिया हावाको माध्यमबाट अर्को व्यक्तिको फोक्सोमा प्रवेश गरेमा व्यक्तिलाई क्षयरोगको ब्याक्टेरियाको संक्रमण हुन्छ ।




# प्रश्न र उत्तरहरू (Q&A)

KOREA DISEASE CONTROL AND PREVENTION AGENCY



## Q1 क्षयरोगको उपचारमा कति खर्च लाग्छ ?

**A1** **स्वास्थ्य बीमा दर्ता भएको व्यक्ति**

क्षयरोगको उपचार पूरा नभएसम्म उपचार **पूर्ण रुपमा निःशुल्क** छ।

* तर, खाना र केहि कभर नभएका उपचार खर्च आदि स्व-भुक्तानी लागू हुन सक्छ

**स्वास्थ्य बीमा दर्ता नभएको व्यक्ति**

क्षयरोग उपचारको **पूरा खर्च आफैले तिर्नु पर्छ,** तर **सार्वजनिक स्वास्थ्य केन्द्र वा राष्ट्रिय क्षयरोग अस्पताल*** मा नि:शुल्क उपचार प्राप्त गर्न सक्नुहुन्छ।

* तर, खाना र केहि कभर नभएका उपचार खर्च आदि स्व-भुक्तानी लागू हुन सक्छ

* **छोट्टो अवधिको बसाइ वा भिसा नभएको बसाइको समयमा बहुऔषधि-प्रतिरोधी क्षयरोगको पुष्टि भएमा बजेटको दायरा भित्र संक्रामण नहराए सम्म समर्थन उपलब्ध छ**

### ● राष्ट्रिय क्षयरोग अस्पताल जानकारी ●

| राष्ट्रिय मसान अस्पताल | मोक्पो राष्ट्रिय अस्पताल |
|---|---|
|  |  |
| ग्योंगनाम चांगवोन-सी मसानहप्पो-गु खापो-रो 215 | छन्लानाम-डो मोकपो-सी सिंजिमाउल 1-गिल 75 |
| 055-249-5051 | 061-280-1114 |

## Q2 म मेरो देश फर्केर मेरो देशमा क्षयरोगको उपचार गराउन चाहन्छु। यदि मैले देश छोडें भने, के कोरियामा पुन: प्रवेश गर्न असम्भव छ ?

**A2** छैन। कोरिया फर्किसकेपछि, आफ्नो देशमा क्षयरोगको उपचार गर्न सक्नुहुन्छ र उपचार पूरा* गरिसक्नुभएको पुष्टि भएपछि कोरियामा पुन: प्रवेश गर्न सक्नुहुन्छ * दूतावास (वाणिज्य दूतावास) मार्फत उपचार पूरा भएको प्रमाण पेश गर्न आवश्यक छ

*तपाईको देशमा रहेको कोरियाली दूतावास(वाणिज्य दूतावास) मार्फत उपचार पूरा भएको प्रमाण पेश गर्न आवश्यक

## Q3 यदि क्षयरोगको उपचार स्वैच्छिक रुपमा छोड्दा वा उपचारको पालना नगर्दा के हुन्छ ?

**A3** **दक्षिण कोरियामा क्षयरोग उपचारको क्रम्मा 'उपचारको पालना नगर्ने' 'उपचार छोड्नु '** भयो भने **फोकस व्यक्तिको रूपमा व्यवस्थापनको** अधीनमा दर्ता हुनेछ ।

**स्थानीय जनस्वास्थ्य केन्द्रले अस्पताल भर्नाको लागि सिफारिस गर्न सक्छ, प्रस्थान पुष्टि *भयो भने प्रवेश निषेध**** लागू हुन सक्छ।

* सार्वजनिक स्वास्थ्य केन्द्रले कोरिया रोग नियन्त्रण र रोकथाम एजेन्सी (वा अध्यागमन कार्यालय) मार्फत आप्रवासी रेकर्डहरू सोधपुछ गर्दछ कि आफ्नो देश फर्केको छ वा छैन भनेर पुष्टि गर्न।

** **स्वदेशमा क्षयरोगको उपचार पूरा भएको पुष्टि** (तपाईको देशमा भएको कोरियाली दूतावास (वाणिज्य दूतावास) मार्फत उपचार पूरा भएको प्रमाणित गर्ने कागजातहर पेश गर्नु आवश्यक) भएमा **प्रवेश निषेध हटाउन सकिन्छ**

KOREAN (한국어)

NEPALI (네팔어)

## विदेशी क्षयरोगका बिरामीहरूका लागि

# 'क्षयरोग'

## उपचार व्यवस्थापन जानकारी




KDCA Korea Disease Control and Prevention Agency

결핵 ZERO

# क्षयरोग परीक्षण

KOREA DISEASE CONTROL AND PREVENTION AGENCY



## 1 क्षयरोगका मुख्य लक्षणहरू के के हुन्?



२ हप्ताभन्दा बढी समयसम्म खोकी

तौल घट्ने

ज्वरो आउने

रातत पतसना आउने

सामान्य कमजोरी

भोक नलाग्ने आति

## 2 क्षयरोगको शंका भएमा के गर्नुपर्छ?

- नजिकैको सार्वजनिक स्वास्थ्य केन्द्र वा चिकित्सा संस्थामा जानुहोस् र क्षयरोगको परीक्षण गराउनुहोस्।

### क्षयरोग परीक्षण लागत



| सार्वजनिक स्वास्थ्य केन्द्र | चिकित्सा संस्था |
|---|---|
| नि:शुल्क | परीक्षण गर्ने व्यक्तिको आफ्नै लागत |

## 3 क्षयरोग परीक्षण गर्दा कस्तो प्रकारको परीक्षणहरू गरिन्छ?



### ① छातीको एक्स-रे परीक्षण

- क्षयरोग रिपोर्टको लागि आधारभूत परीक्षण हो।
- **यदि परीक्षणको नतिजाले 'शङ्कास्पद क्षयरोग'** देखाएको छ भने, **क्षयरोग छ कि छैन भनेर पुष्टि गर्नको लागि कफ (खकार) परीक्षण गर्नुपर्छ।**



### ② कफ (खकार) परीक्षण

- कफ (खकार)सङ्कलन गरि क्षयरोग ब्याक्टेरिया छ कि छैन भनेर निर्धारणको लागि परीक्षण हो।
- **क्षयरोग लागेको छ भने, clgjf{o उपचार गर्नुपर्छ।**

# क्षयरोग उपचार

KOREA DISEASE CONTROL AND PREVENTION AGENCY



## 1 सामान्य क्षयरोग को उपचार

- **कम्तिमा ६ महिनासम्म निरन्तर उपचार गरेमा सामान्यतया क्षयरोग पूर्ण रूपमा निको हुन्छ।**

उपचारको क्रममा लक्षणहरू सुधार भएमा **आफ्नै मनखुसी औषधि खान छोड्नु वा उपचार गर्न अस्पताल जान छोड्नु भएमा फेरि दोहोरिन सक्ने भएकाले चिकित्सा कर्मचारीहरूले उपचार पूराभएको छ भनी निर्धारण नगरेसम्म उपचार गराउनु पर्छ।**




Isoniazid

Rifampin

Ethambutol

Pyrazinamide

Tubes Tab.

* सामान्य क्षयरोग को उपचार औषधि



### संक्रामक क्षयरोग भएका बिरामीहरूको लागि संक्रमण नियन्त्रण दिशानिर्देशहरू

1. एक राम्रो हावायुक्त, स्वतन्त्र कोठा एक्लै प्रयोग गर्नुहोस्
2. खोक्दा वा हाच्छिउँ गर्दा आफ्नो मुख र नाक टिस्युले छोप्नुहोस् र प्रयोग गरिएको टिस्युलाई फोहोर फाल्ने भाँडोमा फाल्नुहोस्।
3. उपचार आदि को लागि बाहिर निस्कँदा सधैं मास्क लगाउनुहोस्

## 2 बहुऔषधि प्रतिरोधी क्षयरोग को उपचार

- बहुऔषधि **प्रतिरोधी क्षयरोगलाई सामान्य क्षयरोगको तुलनामा लामो उपचार अवधि चाहिन्छ**(सामान्यतया ६ देखि २० महिना) **भन्दा लामो हुन्छ, र उपचार औषधिहरूको संरचना थप जटिल हुन्छ।**

### बहु-औषधि प्रतिरोधी क्षयरोग के हो?

यसले क्षयरोगलाई जनाउँछ जसले सामान्यतया क्षयरोगको उपचारमा प्रयोग हुने दुई शक्तिशाली क्षयरोग औषधि (आइसोनियाजिड र रिफाम्पिन) विरुद्ध प्रतिरोधात्मक क्षमता विकास गरेको छ।

### बहु-औषधि प्रतिरोधी क्षयरोग किन हुन्छ?

रोगीलाई सुरुदेखि नै बहु-औषधि प्रतिरोधी क्षयरोग ब्याक्टेरियाबाट सङ्क्रमित हुँदा, वा बिरामीले तोकिय अनुसार नियमित रूपमा औषधि नखादा वा चाँडै औषधि खान छोड्दा यो हुन सक्छ

### बहु-औषधि प्रतिरोधी क्षयरोग विशेषज्ञता चिकित्सा संस्थाहरु जानकारी